# मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) को घोषणापत्र-२०६८

## लेखकः अध्यक्ष जयप्रकाश गुप्ता



**(पार्टीको झंडा)**

**(चुनाव चिन्ह : रेलको इंजिन)**

मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) को घोषणापत्र जारी गर्दाको यस बखतमा हामी महान मधेसी आन्दोलनका दौरान आफुलाई बलिदान गर्नु भएका सम्पूर्ण वीर मधेसी शहीदहरूलाई श्रद्धाका साथ स्मरण गर्न चाहन्छौं । ऐतिहासिक मधेस आन्दोलनका दौरान आज पर्यन्त अंगभंग, घाइते हुनु भएका, थुनामा यातना सहनु परेका, धनजनको क्षति व्यहोर्नु परेका तथा कुनै पनि प्रकारबाट आन्दोलनमा योगदान पुऱ्याउनु भएका सबैको उच्च मूल्यांकन गर्दै हार्दीक सम्मान व्यक्त गर्न चाहन्छौं । हामी ती अग्रजहरूका प्रति पनि नतमस्तक छौ, जसले नेपालमा मधेसीहरूले भोग्नु परेका विभेदका बिरूद्ध अतितमा मधेसी समुदायलाई जगाउदै बिभिन्न आन्दोलनहरूलाई नेतृत्व दिनु भयो । मधेस आन्दोलनमा उहाँहरूको योगदान स्मरणीय छ । मुलुकको लोकतान्त्रिक आन्दोलन तथा त्यस आन्दोलनको मूल मर्मलाई पुरा गर्न भएको मधेस आन्दोलनमा सहयोग पुऱ्याउनु हुने मुलुकका सम्पूर्ण  नागरिकहरूका प्रति पनि हार्दीक अभिनन्दन गर्न चाहन्छौं । विगतका दुबै मधेस आन्दोलनका दौरान पूर्ण इमान्दारी तथा बलिदानी भावनाका साथ लाग्नु भएका सबै स्तरका मधेसी नेता, कार्यकर्ताहरूका प्रति अभिवादन तथा सम्मान प्रकट गर्दछौं ।

**हाम्रो संकल्प :** नेपाली जनताद्वारा वि.सं. २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र वि.सं. २०६३ माघको मधेसी जनविद्रोहका दौरान निरंकुश र सामन्ती राजतन्त्रलाई अन्त गरेर लोकतान्त्रिक गणतन्त्र (Democratic Republic) को स्थापना गरी स्वतन्त्रता, समानता, सामाजिक न्याय र शान्तिका पक्षमा अभिव्यक्त अग्रगामी राजनीतिक सोच, चिन्तन र आकांक्षाहरूलाई संस्थागत गर्दै त्यसको संरक्षण एवं सम्बर्द्धन गर्ने ऐतिहासिक दायित्व आज सम्पूर्ण राष्ट्रका सामु आई परेको छ ।

लोकतान्त्रिक प्रणाली केवल राजनीतिक नभएर सामाजिक-आर्थिक विषयबस्तुलाई समाविष्ट गरेर राजनीतिक आधारमा समेत स्थापित भएको हुनुपर्दछ । लोकतन्त्रमा नागरिक र राजनीतिक अधिकारहरूसंगै सामाजिक, आर्थिक, धार्मिक, सामुदायिक एवं सांस्कृतिक आदि अधिकारहरूको प्रत्याभूति हुनुपर्दछ । राष्ट्र अहिले समावेशी एवं सहमतिमूलक संविधानसभाको माध्यमबाट नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्ने युगान्तकारी अभियानमा लागि परेको छ । विगत २३९ वर्ष देखि राज्यसत्ता अथवा राज्य व्यवस्थाले आन्तरिक उपनिवेशवादी नीति (Policy of Internal Colonialism)

अपनाएर तराईका आदिवासी थारू लगायत सम्पूर्ण मधेसी समुदाय माथि गर्दै आएको दमन, शोषण, उपेक्षा, उत्पीडन, अन्याय, असमानता जस्ता घोर विभेदमूलक क्रियाकलापसंगै आन्तरिक उपनिवेशवादलाई अन्त (Decolonisation) गर्नु परेको छ । त्यसैले विभिन्न जाति, भाषा, धर्म संस्कृति, पेशा, वर्ग, समुदाय एवं क्षेत्रहरूका नेपाली जनताद्वारा विगतमा गरिएका जनआन्दोलन एवं मधेसी समुदायद्वारा जनविद्रोहमा अभिव्यक्त गरिएको भावनाहरू एवं राजनीतिक आकाँक्षालाई आत्मसात गर्दै मानवअधिकार, कानूनी शासन, सहमतीय तथा सहभागितामूलक एवं समावेशी लोकतन्त्र (Participatory, Consensus and Inclusive Democracy) का आधारभूत मूल्य एवं मान्यताहरूलाई प्रत्याभूति दिने खालको "संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल"को स्थापना गर्नु अत्यावश्यक भई सकेको छ । त्यसैले भौगोलिक, जातीय, भाषिक, सामाजिक र सांस्कृतिक विशिष्टता, विविधता एवं समरुपतासंगै जनसंख्या र आर्थिक संभाव्यताहरू समेतलाई ध्यानमा राखेर क्षेत्रीय आधारमा राज्यको पुर्नसंरचना गरेर आत्मनिर्णयको अधिकारसंगै क्षेत्रीय स्वायत्तता (Regional Autonomy) युक्त संघीय शासन प्रणाली अन्तर्गत मधेसः स्वायत प्रदेश (Madhes : an Autonomous State) अर्थात तराईवासीहरू लागि स्वायत्त राज्यको स्थापना गरी स्थायी शान्ति, विकाश सम्पन्नता एवं समृद्धि प्राप्त गर्ने पवित्र उद्देश्य राखी मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) संघर्षरत् रहनेछ ।

आज हाम्रो देश इतिहासको एक नयाँ मोडमा उभिएको छ ।संविधान सभाको निर्वाचनबाट बनेको संविधान सभाले मुलुककै इतिहासमा नेपाली जनतालाई पहिलो पटक आफ्नो संविधान आफैले लेख्ने मौका प्राप्त हुदैछ । यस संविधान सभाको महत्व आजसम्मका एकात्मवादी एवं केन्द्रिकृत राज्य व्यवस्थाका पृष्ठपोषकहरूका भन्दा हाम्रो लागि बढी छ । खासगरी मधेसी समुदायको लागि राज्यको रूपान्तरण अहम् महत्वको विषय भएकाले संविधान सभाको निर्वाचन गराउने सन्दर्भमा हामी बढी जिम्मेवार तथा गंभीर रहेका थियौ । साथै संविधान सभा वास्तविक रूपमा सार्थक होस् भन्ने अभिप्रायबाट ऐतिहासिक मधेस आन्दोलनको नेतृत्व गरी संविधान सभाबाट बन्ने नयाँ संविधानका लागि प्रयत्नशील रहेका छौं ।

जनआन्दोलन-२ पछिको सात दलीय गठबन्धनको सरकार राज्यको संरचना र राज्य व्यवस्थाको रूपान्तरणको सवालमा निरुद्देश्य थियो । संविधान सभामा नेपाली जनताको समानुपातिक प्रतिनिधित्वको विषयमा उदासिन थियो । तत्कालिन अवस्थामा हाम्रै नेतृत्वमा भएको मधेस आन्दोलनले आधारभूत रूपमा मुलुकमा रहेको राजतन्त्रको समाप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको मांगलाई राजनीतिक एवं संबैधानिक रूपमा स्थापित गरायो । प्रादेशिक संघीय संरचनाको संबैधानिक व्यवस्था मधेस आन्दोलनकै उपलब्धि हुन् । पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू हुनु पर्ने कुरा प्रति हामी दृढ रहदै आएका हौं । मधेस आन्दोलनकै कारणबाट निर्वाचन प्रणालीमा समानुपातिकको मात्रा थप हुन सकेको हो । संविधान सभामा जनसंख्याको आधारमा प्रतिनिधित्व हुनु पर्ने हाम्रो अटल मांग कै कारणबाट आंशिक रूपमै भएपनि मधेसका तथा केही अन्य जिल्लाहरूको निर्वाचन क्षेत्रमा बृद्धि भएको हो । संविधान सभाको निर्वाचनमा समानुपातिकको हकमा रहेको २० प्रतिशतको सीमालाई ३० प्रतिशतसम्म पुऱ्याउनु मधेस आन्दोलनका ठोस उपलब्धि हुन् । यस आधारभूत उपलब्धिहरूका साथै नागरिकता समस्याको समाधान, सबै सरकारी सेवामा मधेसी लगायत अन्य समुदायलाई आरक्षण, नेपाली सेनामा मधेसी युवाहरूको सामुहिक प्रवेशको प्रत्याभूति, मुसलमान र थारू समुदायको चाडपर्वमा सार्वजनिक विदाको व्यवस्था जस्ता उपलब्धिहरू हाम्रै पार्टीको बलीदानीपूर्ण संघर्ष र दरो अडानका कारणबाट हामीले पाउन सकेका हौं । तसर्थ मधेस आन्दोलनले मधेसका लागि मात्र होइन, मुलुककै राज्य ढाँचाको रूपान्तरणमा तथा वास्तविक रूपमा जनआन्दोलनको भावनालाई मूर्त तुल्याउन सर्वाधिक योगदान गरेको तथ्यलाई विर्सनु हुदैन ।

**मधेस आन्दालनको उपलब्धिलाई संस्थागत गर्ने :** मधेस आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न सकिएन भने मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रलाई पनि व्यवहारमा संरक्षण गर्न सक्दैन । वि. सं. २०६३ साल माघको मधेस आन्दोलनका सार्थक परिणामहरूलाई भावी संविधानको आधारभूत मान्यताको रूपमा स्वीकार गराउन दोस्रो मधेस आन्दोलनको शंखनाद गरिएको थियो । यस आन्दोलनको सफल अवतरणको रूपमा संयुक्त लोकतानित्रक मधेसी मोर्चा र नेपाल सरकारका बीच आठ सूत्रीय सम्झौता भई हामीले भावी

राज्य संरचनाका सवालमा केही ठोस तथा आधारभूत संवैधानिक व्यवस्थाका प्रत्याभूति पाएका छौं । वास्तवमा भावी संविधानमा व्यवस्था गरिनु पर्ने सर्वाधिक महत्वपूर्ण विषयहरू नै मधेस आन्दोलनका उपलब्धिहरूलाई भावी संविधानमा स्पष्ट रूपमा उल्लेख गराउनु हो । यस कार्यभारको निर्वाह गर्नु हाम्रो एक मुख्य कार्यभार हो ।

**तराईको एकता : मधेसीको अधिकार संरक्षणको पूर्वाधार**

**नेपालको मधेस अर्थात तराई :** नेपाललाई प्राकृतिक दुष्टिकोणले "हिमाली" वा "उच्च पहाडी" र "मधेस" क्षेत्रमा विभाजित गरिएको छ । उत्तर तर्फ चुरे पर्वत र दक्षिणको भारतीय सीमाबीचको पूर्वदेखि पश्चिम फैलिएको समतल भूमि, अर्थात गंगाका सहायक नदीहरूले बनाएको भू-भाग नै "तराई" अर्थात "मधेस" वा "मधेस" हो । प्राकृतिक आधारमा तराई क्षेत्रको विस्तार चुरे एवं महाभारत पर्वतका बीचमा रहेको "भाँवर" सम्म भएको छ । यस क्षेत्रलाई "दून" वा "भित्री मधेस" पनि भनिन्छ । "भित्री मधेस" अन्तरगत शिवालीक अथवा चुरे पहाडको उत्तर तर्फ पर्ने सिन्धुली, उदयपुरको दक्षिणी भाग, मकवानपुर र दांग जिल्लामा फैलिएको मैदानी क्षेत्र पर्दछ । नेपालमा हाल प्रचलित प्रशासनीक सन्दर्भमा झापा, मोरंग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दांग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर तराईका जिल्ला हुन । नेपालमा मधेस क्षेत्रलाई निकै अधिदेखि समान रूपमा "तराई" वा "तलहट्टी, पनि भन्ने गरिन्छ । सामान्य रूपमा "तराई" भन्नाले समतल भूमिलाई जनाउँछ । नेपालका "तराई" क्षेत्रमा बस्ने आदिवासी रैथानेहरूको यस भूमिसंगको "ऐतिहासिक आवद्धता" "मौलिक संस्कृतिको सम्बन्ध" र "पहिचान" को सम्वेदनशीलताको अन्योन्याश्रित अन्तरसम्बन्धको अभिव्यक्ति नै मधेसी समुदाय हो । आदिवासी थारू, अल्पसंख्यक मुसलमान समेत मधेसमा बस्ने सम्पूर्ण मधेसीको समन्वित एकता नै मधेसको अधिकारहरूको संरक्षणका आधार हुन् ।

चुरे भाँवरको उत्तरी मोहरा देखि दक्षिण तथा भारतीय सीमाना देखि उत्तर साथै पूर्वमा मेची देखि पश्चिममा महाकालीसम्मको भू-भागलाई मधेस प्रादेशिक क्षेत्र अर्थात "मधेस स्वायत्तप्रदेश" घोषण गरी मधेसको भौगोलिक भू-भागलाई परिभाषित गरी राज्यले स्वीकार गर्नु पर्दछ । स्वायत्त मधेस प्रदेश अथवा राज्य भित्र मिथिला, अबध, भोजपुर, थरूहट वा थारूवान जस्ता स्वायत्त क्षेत्र (autonomous regions) तथा जनपदहरू हुन सक्ने छन् ।

**तराईवासीको मधेस-मधेसीको तराई :** आजको मधेस अथवा तराई क्षेत्रको बसोवास तथा यहाँका मूलवासीहरूको ऐतिहासिकता एवं साँस्कृतिक परम्पराले प्राचीन 'जनपदकाल' 'साम्राज्यकाल' 'राजवंशकाल' र 'वाह्य आक्रमणकाल'का दौरान हिमालय उत्तरको यस सम्पूर्ण भू-खण्डका प्राचीन आदिवासी-जातजाति एवं मानव बसोवासको स्थानान्तरणको प्रमाणिकतालाई प्रस्तुत गर्दछ । 'तराई'का वा 'मधेस'का भनौं अथवा सम्पूर्ण नेपालमा आज जतिपनि जातजाति छन्, यस भू-भागमा सबैको आगमन र प्रवेशलाई उपयुर्क्त कालखण्डहरूका घटनाक्रमले नै निर्धारित गरेको छ । प्रागःइतिहास र इतिहासको यिनै सन्दर्भमा हाल 'तराई' पनि भनिने यो भू-खण्डमा बस्ने मधेसी समुदाय भित्रका हिन्दू, ईस्लाम, बौद्ध, प्रकृतिपूजक, शिख, जैन, क्रिश्चियन तथा किराँत आदि धर्माबलम्बीहरू तथा मैथिली, थारू, भोजपुरी, अवधी, राजवंशी, सन्थाली, हिन्दी, उर्दु, बंगला, मारवाडी, पञ्जाबी आदि भाषा-भाषिहरू र थारू, राजवंशी, गनगाई, ताजपुरिया, धिमाल, मेचे, कोचे, बोडो, दनुवार, माझी, किसान, मुसलमान, शेख, पठान, राइन, धुनिया, हजाम, ब्राम्हण, सन्यासी, राजपुत, भूमिहार, कायस्थ, यादव, वैश्य, बनिया, रौनियार, जयसवाल, केशरी, कशौधन, तेली, सुडी, कलवार, मारवाडी, हलुवाई, कथवनिया, राजधोब, राजभार, कोइरी, कुर्मी, सोनार, बरई, चौरसिया, पटेल, राजभर, चाँई, कैवरथ, मुसहर, बाँतर, खतवे, दुसाध(पासवान), पासी, डोम, तत्मा, चिडिमार, चमार, मेहत्तर, कलर, ककैहिया, कोरी, खटिक, धोबी, सरबरीया, सरभंग, हलखोर, पथ्थरकट्टा, झाँगड, नाई (हजाम), केवट, निषाद, माझी, मल्लाह, कानू, धानुक, लोहार, कहार, कमार, लोध, शिकारी, रस्तोगी, सतबरीया, कुश्मा, मुण्डा, बंगाली, शिख, सत्तार वा सन्थाल, नट, नौनीया, अमात, कुशवाडीया, माली, कुम्हार, पंडित, बढई, भर, लोनिया, गडेरी, भेडिहर आदि अनेकन् जात/जाति, उपजातिहरूको तराई मुख्य रैथाने भूमि हो । यिनीहरू यहाँ आदिकाल देखिनै

बसोबास गर्दै आइरहेका छन् । यसैलाई सामुहिक पहिचानका लागि **'मधेसी समुदाय'** भनिन्छ । मधेसीहरूको एक समिश्रित समुदायको रूपमा आफ्नै मौलिक भेषभूषा, भाषा, साहित्य, सँस्कृति, कला र पहिचान छन् ।

**मधेस : मधेसी-पहाडी सँस्कृति र समुदायको समिश्रित बासस्थल :** तराईमा गैर मधेसी समुदायको रूपमा-खासगरी 'गोर्खाराज्यको' 'नेपालको रूपमा' विस्तारकै क्रमदेखि पहाडी समुदायको पुरानो तथा ऐतिहासिक बसोवास रहदै आएको छ । तराई क्षेत्रमा पहाडबाट निरन्तर रूपमा भैरहेको बसाई सराईले गर्दा यस समुदायको संख्या उल्लेखनीय छ । ईतिहासका बिभिन्न कालखण्डमा मूलतः पहाडबाट बसाई सरी आएको पहाडी समुदाय तथा बर्मा, भारत तीरबाट त्यहाँका राजनीतिक कारणले नेपाल तर्फ सरी आएको बसोवासले गर्दा तराई आज एकहदसम्म "मधेसी र पहाडी समुदायको समिश्रित बासस्थल" बन्न पुगेको छ । आजको मधेसको यो यथार्थता हो । तसर्थ मधेसले खोजेको नयाँ राज्यसंरचनामा यस मौलिकताको यथास्थान र सम्मान रहनु पर्ने कुरामा मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) प्रतिवद्ध छ ।

**<u>मधेसको मूल समस्या</u>**

**आन्तरिक औपनिवेशिकता :** नेपालको कुल भू-भागको २३ प्रतिशत भूमि तराई अर्थात मधेसमा पर्दछ । प्राकृतिक साधनस्रोत, नदीनाला, उर्वरभूमि तथा प्रशस्त श्रमशक्तिले युक्त यो प्रदेश निकै उब्जाउ भएकोले यसलाई नेपालको 'अन्नभण्डार' पनि भनिन्छ । मधेसबाट देशको कुल आम्दानीको अधिकांश भाग सरकारलाई प्राप्त हुन्छ । मुलुकमा तुलनात्मक रूपमा उद्योग, व्यापार, सडक, यातायात, शिक्षा, संचार, स्वास्थ्य लगायतका सेवाका पूर्वाधारहरूको विकास भएको देखिन्छ । संसारभर यस्ता पूर्वाधारबाट हुने विकासको प्रतिफल त्यहाँका रैथानेहरूले पाउने गर्दछन् । यसको विपरित राज्यद्वारा गरिएको उपेक्षा, विभेद र असमानतापूर्ण नीतिले गर्दा मधेसका मूल निवासीहरू अत्यन्त गरिब, उत्पीडित, उपेक्षित, दरिद्र, अशिक्षित र बेरोजगार रहेका छन् । मधेसका जनतालाई राज्यले विकासको प्रतिफल उपभोग गर्नबाट बञ्चित पारेका छन् । विगत ५०/६० बर्ष दखिको विकासका प्रकृया र आजसम्मका बार्षिक मानव विकास सुचकांकहरूले यही तथ्य उजागर गरेको छ । मधेसीहरू राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक शोषणको साथै राज्यप्रदत्त असमानता तथा जातीय, वर्गीय, क्षेत्रीय, साँस्कृतिक र भाषिक रुपले समेत शोषण र विभेदका शिकार भएका छन् ।

**मधेसीको अन्य मूल समस्याहरू :** मुलुकमा मधेसी समुदायको राष्ट्रिय पहिचानको मान्यता सहित समानताको हक तथा अधिकार, राज्यसत्ताका साथै राज्यको नीति निर्माण र शासन प्रसाशनमा मधेसी समुदायको समानुपातिक सहभागिता, एकात्मक एवं केन्द्रिकृत शासन प्रणालीबाट मुक्ति, नागरिकताको समस्या, कमैया दासत्वका साथै भूमिहीनताको अन्त्य र न्यायपूर्ण भूमि व्यवस्था, जातीय तथा लैंगिक विभेद र असमानताको अन्त्य, प्राकृतिक साधन र स्रोत-जल, जंगल र जमीन माथि मधेसी समुदायको स्वामित्व आदि उत्तिकै समस्या हुन् ।

दशकौंसम्म मधेसीहरूलाई नागरिकता विहीन राखेर राज्यका अवसरहरूबाट बञ्चित राखियो । यसको दुष्परिणाम स्वरूप लाखौं मधेसीहरू युवाहरू मुलुकमा उच्च शिक्षा पाउन सकेनन् । भारतबाट पढेर नेपालमा उच्च शिक्षा लिन चाहनेको लब्धांकको अंक घटाउने त्रिभुवन विश्वविद्यालयको विभेदकारी व्यवस्थाले मधेसी युवाहरूलाई प्रत्यक्षतः प्रतिस्पर्धामा तल पार्ने काम भयो । लोक सेवामा नेपाली भाषालाई "बोल्न र लेख्न जान्नै पर्ने" अनिवार्य शर्त थोपरेर नियोजित रूपमा मधेसी युवाहरूलाई सरकारी नोकरी पाउनबाट बञ्चित पारियो । नागरिकता नभएर चुनावमा उम्मेदवार हुनबाट रोकियो । वैदेशिक रोजगार, उद्योगधन्दा, जग्गा खरिद विक्री, जस्ता कारोवारहरू गर्नबाट रोकियो । राणाकालमा मधेसी समुदायका जग्गाहरू भाई-भारदारहरूलाई बकस, बिर्ता र जागीरको रूपमा वितरण गर्न खोसियो । पंचायती शासनकालमा भूमिसुधारको नाममा मधेसीहरूबाट कब्जा गरिएको जग्गा पहाडीहरूलाई दिएर मधेसीलाई भूमिहीन, गरिब र सुकुम्बासी बनाईयो । नियोजित तथा सरकारबाट प्रेरित आन्तरिक र प्रवासी पहाडी समुदायबाट भएको बसाईसराई एवं आप्रवासनले मधेसमा नै मधेसीहरूलाई अल्पसंख्यामा पार्ने काम भयो । यसले गर्दा मधेसीहरूको राज्यमा राजनीतिक सहभागिता कमजोर भएको छ । साथै वन जंगलको विनास भै जनसंख्या र पर्यावरणको सन्तुलन बिग्रेको छ । मधेसीहरूको परम्परागत पहिरन, भाषा एवं संस्कृतिलाई मान्यता नदिएर मुलुकको साँस्कृतिक विविधता र

'राष्ट्रिय पहिचान'लाई कमजोर पार्ने कार्य भएको छ । वास्तवमा यही नै राज्यको 'औपनिवेशिक' चरित्र हो । बिभिन्न मुलुकहरूमा कुनै समयमा रहेको औपनिवेशिकतामा वाह्य पक्षले 'शक्तिको आधारमा स्थानीय स्रोतको शोषण गर्नु' र त्यस मुलुकको राज्यको निकायमा त्यहाँका रैथाने जनतालाई प्रतिनिधित्व नदिने झैं काम नेपालमा एकात्मवादी राज्यले मधेसीसंग गरेको छ । अब यसको अन्त्य हुनै पर्दछ । यही नै मधेसको "मुक्ति" हो । मधेसीले यही मुक्ति चाहेको छ ।

**राज्य पुनर्संरचना सम्बन्धि धारणा :** मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) मुलुकमा विभेदरहीत, समानुपातिक, समावेशी प्रतिनिधित्व अर्थात सहभागिता र साझेदारी प्रणालीमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको पक्षमा दृढताका साथ उभिएको छ । मुलुकको विद्यमान राज्य व्यवस्थाको चरित्र, राजनीतिक दलहरूको एकामत्मवादी सोच समेतलाई विचार गर्दा अबको नेपाल स्वायत्त एवं अधिकार सम्पन्न प्रदेशहरू सहितको 'संघीय लोकतान्त्रिक गणतन्त्र' नै हुनुपर्ने हाम्रो विचार अटल छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा सर्वोच्च जन प्रतिनिधि निकायको रूपमा द्विसदनात्मक संसद रहनेछ । बिभिन्न प्रदेशहरूको जन प्रतिनिधि निकायको रूपमा आ-आफ्नै विधान सभाहरू हुनेछन् । मुलुकमा स्थानीय स्वशासन अर्थात स्वायत्त शासनलाई बलियो बनाउन राज्य भित्र अनेकन् स्वायत्त क्षेत्रहरू जन निर्वाचित रूपमा हुनेछन् ।

**गणतन्त्र :** मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) स्पष्टतः गणतन्त्रको पक्षमा आफुलाई उभ्याएको छ । हामी गणतन्त्रको पक्षमा उभिनुको स्पष्ट दुई कारण रहेको छ : १) नेपाललाई एकात्मवादी एवं केन्द्रिकृत राज्य व्यवस्थाबाट मुक्त पार्न गणतन्त्र नै एक विकल्प हो । आजसम्म मुलुकमा राजतन्त्रले गर्दा राजाको धर्म, भाषा, भेषभुषा र जातीय पहिचानलाई मुलुकका उपर थोपार्ने काम भएर सबै भन्दा बढी मधेसीको मौलिक पहिचानलाई समाप्त पार्ने काम भयो । यस कारणले हामी गणतन्त्रका पक्षमा छौं र २) शासन प्रणालीको सन्दर्भमा हामी मुलकको कुनै पनि सार्वजनिक पद कुनै व्यक्ति, वंश वा परिवारको मात्र पेवा रहनु हुन्न भन्ने मान्यतामा विश्वास गर्छौं ।

**द्विसदनात्मक केन्द्रीय संसद :** संविधान सभाद्वारा निर्मित संविधानको मूल आधार सम्प्रभू जनता हुन । सार्वभौमसत्ता र सम्पूर्ण राजकीय सत्ता पूर्णरूपले जनतामा निहित रहने छ । विद्यायिकी शक्ति (Legislative Power) संसदमा निहीत रहनेछ । जो दुई सदनात्मक जनप्रतिनिधि सभा र राष्ट्रिय अथवा जातीय सभा हुनेछ । जनप्रतिनिधि सभा (House of Representatives) मा जनताबाट निर्वाचित प्रतिनिधिहरू रहने छन् । त्यसैगरी राष्ट्रिय अथवा जातीय सभामा तोकिएको संख्यामा प्रत्येक प्रदेशका विद्यायिकाद्वारा निर्वाचित र राष्ट्रपतिद्वारा राष्ट्रिय क्षेत्रमा उल्लेखनिय ख्याति प्राप्त केही विशिष्ट मनोनित व्यक्तिहरू सदस्य रहने छन् । उपराष्ट्रपतिले राष्ट्रिय सभाको अध्यक्षता गर्नेछ ।

**न्यायपालिका :** न्यायिक शक्ति (Judicial Power) सर्वोच्च अदालतमा अन्तरनिहित रहने छ । मुलुकमा संवैधानिक सर्वोच्चता र विधिमा आधारित शासन प्रणाली हुनेछ । सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौमअधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलंघनीय हुनेछ । सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालत गरी न्यायपालिकाका तीन तहहरू रहने छन् ।

**स्वायत्त प्रदेश र प्रादेशिक सरकार :** मधेसी समुदायले शुरूदेखि नै संघीय प्रणाली अन्तरगत नेपालको जातीय, क्षेत्रीय, धार्मिक, साँस्कृतिक, भाषिक तथा अन्य सबै विविधतालाई आत्मसात गर्ने आफ्नो राष्ट्रिय पहिचानयुक्त, जनताको आत्मनिर्णयको अधिकार सहित स्वायत्तशासनको प्रत्याभूति गर्ने प्रान्तीय अर्थात प्रादेशिक सरकारको माग गर्दै आएको हो ।

जनताको आत्मनिर्णयको अधिकारलाई अहिले संघीयताका बिरोधीहरूले देशबाट छुट्टिईजाने अधिकारको सन्दर्भमा प्रचार गरिरहेको देखिन्छ । नेपालको सदर्भमा आत्मनिर्णयको अधिकार भनेको कुनै क्षेत्र वा कुनै क्षेत्रका उत्पीडित जातिहरूले आफ्नो अधिकारको निमित्त संघीय संरचनामा छुट्टै प्रदेश गठन गर्न पाउने अधिकार हो, जहाँ सम्बन्धित जनताका प्रतिनिधिहरूले संवैधानिक व्यवस्था अनुरुप निर्माण गरेको विधान र कानून बमोजिम पूर्ण स्वायत्तता र समानताको आधारमा आफैले सत्ता सञ्चालन गर्ने व्यवस्था हुन्छ । प्रदेशका

निर्वाचित विधायकहरूको स्पष्ट कार्य क्षेत्र तथा अधिकार सहितको विधान सभा अर्थात विधायिका हुनेछ । प्रादेशिक सरकार विधायिका प्रति उत्तरदायि रहने छ ।

**मधेस : मधेसी समुदायको मातृ प्रदेश :** मधेसीले भोग्नु परिरहेको आन्तरिक औपनिवेशिकताको अन्त्य गर्ने संवैधानिक व्यवस्थाको निर्माण गराउनु नै हाम्रो मुख्य दायित्व हुनेछ । तसर्थ संविधानले मधेसलाई आन्तरिक औपनिवेशिकताबाट मुक्त गर्न सक्छ कि सक्दैन-यही नै राज्यको पुनर्संरचनाको सवालमा हाम्रो गंभीर सरोकारको बिषय हो । राज्यको पुनर्संरचनाको सन्दर्भमा हामी मधेसलाई एक स्वायत्त राजनीतिक प्रशासनिक प्रदेशको रूपमा एकतावद्ध राख्ने पक्षमा छौं ।

हाल मधेसमा एकात्मवादी राज्य व्यवस्थाको पुरानो कार्यनीति "फुटमा शासन गर" लाई पुनः मलजल दिने काम हुदैछ । एकिकृत मधेस अर्थात तराईको वारेमा केही विमतिहरू उठाउन खोजिएको छ । विभाजित तराई अर्थात मधेसबाट मधेसको मूल राजनीतिक समस्याको समाधान हुन नसकि कुन पक्षको राजनीतिक स्वार्थको पोषण हन्छ, यसको पहिचान वारे मधेसी समुदायमा छलफल हुनै पर्दछ । हाम्रो विचारमा 'एकिकृत' तराई-मधेस राज्यबाट मात्र हामी प्रचलित राज्यप्रणालीको आन्तरिक औपनिवेशिकताबाट मुक्त हुन सक्दछौं । हालको मधेसको जनसंख्याको बदलिएको तस्वीरलाई हेर्दा बिखण्डित मधेसको कुनै पनि प्रदेशमा भोली मधेसी समुदायको राजनीतिक बर्चस्व वा राज्यमा जनसंख्याको आधारमा निर्णायक स्थान रहदैन । आज नियोजित सोचका साथ मधेसमा कोचिला, मिथिला, थारूवान, थरूहट, भोजपुर, अवध-जे नामाकरण गरेर मधेसी समुदायलाई तत्कालका लागि भ्रमित पार्न खोजेपनि यथार्थमा यस्तो कल्पनाका राज्यहरू गैर मधेसी शासकवर्गको नियन्त्रण र निर्णायक प्रभावबाट मुक्त रहन सक्दैन ।

मधेसलाई विखण्डित गर्ने नियोजित सोचबाट अगाडी सारिएको यस्ता प्रदेशहरूको हालसम्म दर्शाईएको सीमा तथा क्षेत्रलाई विचार गर्दा यस मध्ये कुनैमा पनि आदिवासी थारू लगायत मधेसका जनजातिहरू, दलित, अल्पसंख्यक मुसलमान गरी मधेसी समुदायको बहुमत हुन सक्दैन । यसको दुष्परिणाम स्वरूप आजसम्म एउटै भौगोलिक क्षेत्र, समान लोकसँस्कृति, जातीय-सामाजिक सहकार्य, समान भाषिक परिवार, समान आर्थिक उद्यमता, अन्तर सम्बन्धित बजार, अन्तरआवद्ध यातायात सम्पर्क जस्ता मधेसको अन्तरनिर्भरताको स्वभाविकता खण्डित हुनजान्छ । यो मधेसको शक्तिको स्पष्टतः क्षय हुनेछ र मधेसको मुक्ति मानिने छैन । यस तथ्य तर्फ विचार गरी संविधान सभाको मौकामा स्वायत्त मधेस प्रदेशको लागि मधेसी समुदाय भित्रै बृहद् क्षेत्रीय एकताको निर्माण गर्नु परम आवश्यक छ ।

**शक्तिको पृथकिकरण :** संवैधानिक सर्वोच्चतामा प्रतिबद्ध रहनु पर्ने कार्यपालिका, स्पष्ट विधायकीय दायित्वका व्यवस्थापिका र स्वतन्त्र न्यायपालिकाले शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा राज्य शक्तिलाई सन्तुलित पार्ने छन् ।

**केन्द्र र प्रदेशका कार्यक्षेत्र :** प्रस्तावित प्रदेश संरचना सम्बन्धी धारणा स्पष्ट रूपमा संविधान अनुसार केन्द्र र प्रदेशका क्षेत्राधिकार तथा कार्यक्षेत्रहरू स्पष्ट रूपमा विभाजित हुनेछ । यस अवधारणामा केन्द्रलाई केही क्षेत्रमा पूर्णरूपमा र केहीमा आंशिक जिम्मेवारी दिइनु पर्ने हुन्छ । केन्द्रलाई नीतिमूलक तथा केन्दिय सरोकारका बिषयहरूको जिम्मेवारी रहने छ र यस बाहेक कार्यमूलक जिम्मेवारीहरू प्रदेशको कार्यक्षेत्रमा रहनु पर्दछ । केन्द्रीय सरोकारका विषयहरू वाहेकका सम्पूर्ण अधिकारहरू प्रदेश अथवा राज्य (State) को क्षेत्राधिकार भित्र पर्नेछ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तरगत प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुने छन् । प्रत्येक प्रदेशहरूका आ-आफ्नै प्रादेशिक विधायीका, कार्यपालिका र न्यायपालिका रहनेछ । राष्ट्रिय सुरक्षा, परराष्ट्र, मुद्रा जस्ता विषयहरू केन्द्रको क्षेत्राधिकारमा रहनेछ । सूचना र संचारसित संबन्धित विषयहरू केन्द्र र प्रदेशका बीच निर्धारित जिम्मेवारीमा रहन्छ ।

प्रदेशभित्रका आन्तरिक सुरक्षा तथा प्रशासन, शिक्षा र सँस्कृति, स्रोत व्यवस्थापन तथा व्यापार, कृषि तथा लघु उद्योग, भूपरिवहन, आवास तथा निर्माण, प्राकृतिक साधन र जनस्वास्थ्य जस्ता विषयहरू प्रदेशको स्वायत्त अधिकारका बिषय हुन । यी विषयमा वा यी विषयमध्ये कुनै विषयमा केन्द्रको हस्तक्षेप हुनुपर्ने खण्ड आएमा केन्द्रीय संसद्ले त्यसको अनुमोदन गरेको हुनुपर्नेछ । प्रदेशको जिम्मेवारीका रूपमा सूचीबद्ध

विषयहरूमा प्रदेश विशेषको सरकारका सिफारिसमा त्यहाँका विधायिकाले अनुमोदन गरेका खण्डमा केन्द्रीय शासनले प्रत्यक्ष सहयोग गर्न सक्नेछ । यस बाहेक संविधान र ऐन स्पष्ट नभएका विषयमा केन्द्र र प्रदेशका बीच विवाद हुदाँ त्यसको निर्णय सर्वोच्च अदालतले गर्ने प्रावधान स्वाभाविक रहने छ ।

कार्यक्षेत्रका सन्दर्भमा देखापर्ने स्रोतसाधन माथि अन्तर प्रदेश र केन्द्र-प्रदेश बीच उठ्न सक्ने विवाद पनि प्रमुख विषय हो । स्रोत माथिको पहिलो अधिकार त्यस स्थानकै हुन्छ, जहाँ त्यो स्रोत हुन्छ । तर स्रोतको उपयोगका उपायहरू र अधिकतम उपयोगका लागि विशेषज्ञ सेवा र प्राविधिक सहयोगको संयोजन गर्ने, गराई दिने पक्षले समेत लाभको अंश खोज्नु स्वभाविक नै हुन्छ । त्यसैले, प्रदेशका स्रोतहरूमाथिको पहिलो हक प्रदेशको भएतापनि केन्द्रले समेत लाभांश लिनेछ । स्रोतको प्रकृति हेरेर केन्द्र-प्रदेश समझदारीका आधारमा नीति नियमन गर्न सकिनेछ ।

मुलुकको जलस्रोतको उपयोगको सन्दर्भमा मुलुक भित्र तल्लो तटीय लाभको ग्यारेन्टी संविधानको व्यवस्था अनुसार हुनु पर्दछ । यसै गरी छिमेकी मुलुकहरूसंग जलस्रोतको उपयोगको संधी-सम्झौता हुदाँ वा बहुपक्षीय उपयोगको संधी-सम्झौता हुदाँ उपल्लो तटीय लाभको भागीदार प्रत्यक्षतः उपल्लो सम्बन्धित राज्य वा प्रदेश हुनु पर्ने कुराको संवैधानिक प्रत्याभूति हुनु पर्दछ । उपयुर्क्त बिषयहरूलाई स्पष्ट र व्यवस्थित गर्न केन्द्र र प्रदेशको अधिकार तथा कार्यक्षेत्रको पृथक-पृथक सूची हुनेछ । यसैगरी केन्द-प्रदेशको अधिकार तथा कार्यक्षेत्रको साझा पनि सूची हुनेछ ।

**धर्म निरपेक्षताको मान्यता :** मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) धर्म निरपेक्षताको पक्षमा छ । मधेसको सामाजिक संरचना हिन्दुबहुल भएपनि यथार्थमा यो बहुधार्मिक प्रकृतिको छ । ईस्लाम धर्म मधेसको अभिन्न भाग तथा सबै मधेसीहरुका लागि समान महत्वको धर्म हो । आजसम्म मुलुकमा हिन्दु धर्मको संरक्षणको नाममा दरवारको राजनीतिक एकात्मवादी चिन्तनलाई पोषण गर्ने काम भएकोले नेपाल हिन्दु राष्ट्र कहलिनु विवादको विषय हुन जान्छ । तसर्थ संबैधानिक रुपमा नेपाल अधिराज्यलाई सबै धर्माम्बलम्बिहरुका लागि धार्मिक स्वतन्त्रता भएको राष्ट्र भनिनु पर्दछ ।

**आधारभूत मानव अधिकार :** सार्थक लोकतन्त्रका लागि कुनै पनि खाले बन्धनमुक्त प्रेस स्वतन्त्रता, विश्वमान्य मौलिक अधिकार, नागरिक अधिकार, बहुदलीय प्रतिस्पर्धा, मुलुकमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य, जातीय उत्पीडन तथा आर्थिक शोषणको उन्मुलन, सामाजिक न्याय सहित समतामूलक समाजको निर्माण, मधेसी लगायत सबै समुदायमा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत मानवअधिकारको संवैधानिक तथा व्यवहारिक प्रत्याभूति, प्रजातान्त्रिक निर्णयप्रकृया, कानूनको राज्य, दायित्वपूर्ण न्यायपालिकाको विकास, राष्ट्रिय समुदायहरूको पहिचान तथा सम्मानको अभिवृद्धि, लैङ्गिक समानताका साथै संयुक्त राष्ट्रसंघबाट प्रतिस्थापित सामाजिक, आर्थिक र साँस्कृतिक तथा नागरिक र राजनीतिक अधिकारहरूको ग्यारेन्टी आजको सभ्य समाजका लागि आवश्यक बिषयहरू भएकोले भावी संविधानमा यी बिषयहरूको प्रत्याभूति हुनु पर्ने कुरामा हामी दृढ रहेका छौं ।

**दलित अग्राधिकार :** दलित समुदाय वर्णाश्रमको असमानता र तिरस्कार, राजनीतिक-आर्थिक उपेक्षा र उत्पीडनमा पारिएका मुलुककै मुख्य समुदाय हुन् । मधेसी दलित समुदाय मधेसको एक अभिन्न अंग हो । यो समुदाय मधेसको कुनै एक क्षेत्रमा मात्र सिमित नभई पुरै मधेसमा फैलिएर बसेका छन् । बिखण्डित मधेसमा यस समुदायको जनसंख्याको आधारमा राज्य वा प्रदेशको शक्ति अभ्यासको निकायमा न्यायोचित्त रूपमा सार्थक प्रतिनिधित्व हुन सक्दैन । दलित समुदायको लागि शिक्षा, स्वास्थ्य, सरकारी सेवा आदिमा आरक्षण र सहभागिता भन्दा धेरै महत्वपूर्ण बिषय "राज्यको नीति निर्धारण गर्ने निकायमा जनसंख्याको आधारमा समानुपातिक सहभागिता गराउनु हो ।" यसर्थ स-साना जनसंख्यामा छरिएर बसेको दलितहरू केन्द्रीय संसद वा प्रादेशिक विधान सभाका निर्वाचन क्षेत्रहरूबाट निर्वाचित हुने संभावना क्षीण छ । तसर्थ केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको कूल सीटमा दलित समुदायको कूल जनसंख्याको आधारमा जति प्रतिशत सीट पर्न आउँछ, त्यति संख्याको केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको सीट त्यस निकायको निर्वाचनमा दलित समुदायको लागि आरक्षित गरिनु पर्दछ । आरक्षित सीटको निर्धारण दलित आवादीको आधारमा गरी यस्तो

आरक्षित सीटमा दलित समुदायकाले मात्र उम्मेदवारी दिन पाउने व्यवस्था हुनु पर्दछ । यसको साथै यस समुदायले भोगेको सामाजिक तथा राज्यप्रदत्त अलगावको नीतिको क्षतिपूर्ति वापत सामाजिक न्यायको आधारमा राज्यका सबै सुविधा तथा निकायमा समानतायुक्त आरक्षण पाउनु पर्दछ । सकारात्मक विभेदको नीतिका तहत 'आरक्षण'बाट यस्ता उपेक्षित, उत्पीडित, अल्पसंख्यक समुदायहरूलाई राज्यमा सहभागिता गराउनु एक व्यवहारिक उपाय हो भन्ने हाम्रो स्पष्ट मत छ ।

**अल्पसंख्यक मुसलमानको अग्राधिकार :** मुसलमान समुदाय प्रारम्भ देखिनै धार्मिक-राजनीतिक रूपमा गंभीर उपेक्षाका शिकार रहेका छन् । मुसलमान समुदाय मधेसी समुदायकै एक अविभाज्य भाग भएकोले मधेसी भएको कारणबाट पनि आजसम्म यो समुदाय राज्यप्रदत्त अलगावको नीतिमा परेका छन् । अल्पसंख्यक मुसलमान समुदायले आफ्नो जीवन पद्धति, सामाजिक परिवेश, आफ्नो पारम्परिक र धार्मिक मान्यता अन्य कतैबाट अहस्तक्षेप र पूर्णस्वतन्त्रताका साथ निर्वाह गर्न पाउनु पर्ने हाम्रो दृढ मान्यता छ । मुसलमान समुदायको जीवनपद्धति त्यस समुदायकै सामाजिक-साँस्कृतिक मान्यता एवं अपेक्षाका आधारमा चल्नु अन्य कुनै पनि समुदायको लागि आपत्तिको बिषय होईन । यो समुदाय पनि मधेसको कुनै एक क्षेत्रमा मात्र सिमित नभई पुरै मधेसमा फैलिएर बसेका छन् । बिखण्डित मधेसमा यस समुदायको पनि जनसंख्याको आधारमा राज्य वा प्रदेशको शक्ति अभ्यासको निकायमा न्यायोचित्त प्रतिनिधित्व हुन सक्दैन । मुसलमान समुदायको लागि शिक्षा, स्वास्थ्य, सरकारी सेवा आदिमा आरक्षण र सहभागिता भन्दा धेरै महत्वपूर्ण बिषय राज्यको नीति निर्धारण गर्ने निकायमा जनसंख्याको आधारमा सहभागिता गराउनु हो । यसर्थ स-साना जनसंख्यामा छरिएर बसेको मधेसी मुसलमानहरू केन्द्रीय संसद वा प्रादेशिक विधान सभाका निर्वाचन क्षेत्रहरूबाट न्यायोचित्त संख्यामा निर्वाचित हुने संभावना कम रहन्छ । तसर्थ केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको कूल सीटमा मुसलमान समुदायको कूल जनसंख्याको आधारमा जति प्रतिशत सीट पर्न आउँछ, त्यति संख्याको केन्द्रीय संसद वा प्रादेशिक विधान सभाको सीट त्यस निकायको निर्वाचनमा मुसलमान समुदायको लागि आरक्षित गरिनु पर्दछ । आरक्षित सीटको निर्धारण मुसलमान आवादीको आधारमा गरी यस्तो आरक्षित सीटमा मुसलमान समुदायकाले मात्र उम्मेदवारी दिन पाउने व्यवस्था हुनु पर्दछ । मुसलमान समुदायलाई पनि सकारात्मक विभेदको नीतिका तहत राज्यका सेवामा तथा सबै निकायहरूमा सहभागिता गराउनु पर्दछ ।

**महिला विरूद्धका विभेदहरूको अन्त्य :** महिला विरुद्ध विभिन्न क्षेत्रहरूमा हुने गरेका विभेद र असमानतालाई अन्त्य गरी यौनजन्य दुर्व्यवहार, हिंसा तथा शोषणबाट उनीहरूलाई सुरक्षित राख्न उपयुक्त कानूनी व्यवस्था हुनु पर्दछ । सरकारका सबै तह र निकायहरूमा भएका र हुने नीतिनिर्माण गर्ने पदहरू र नेतृत्वमा पुरुष सरह महिलाको समान पहुँच र अवसरको सुनिश्चितता गर्नु पर्दछ । परम्परागत रूपमा कायम रहेका सामन्तवादी चिन्तन, विभेद र असमानतालाई अन्त्य गरी महिलाहरूलाई पुरुष सरह स्वतन्त्रता र पूर्ण मानवअधिकारको उपभोग गर्ने ग्यारेण्टी राज्यले गर्नु पर्दछ । महिलाहरूको सशक्तिकरण गरी उनीहरूलाई राष्ट्रिय जीवन (National Life) को हरेक क्षेत्र-आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण एवं निर्णायक भूमिका खेल्न सक्ने परिस्थितिको सृजना गरिनु पर्दछ । शिक्षा र सामाजिक क्रान्तिको माध्यमबाट महिलामाथि सामाजिक र सांस्कृतिक रिति रिवाजका नाममा रहेका असामनता, लैंगिक शोषण र विभेदलाई अन्त्य गरिनु पर्दछ । महिलाहरूलाई पैतृक सम्पतिमा समान अधिकार प्रदान गरिनुका साथै राष्ट्रिय विधायिका, कार्यपालिका तथा न्यायपालिकाका क्षेत्र तथा सैनिक, वैदेशिक तथा नागरिक सेवा तथा नीजि क्षेत्रमा समेत समानताका आधारमा पुरुष सरह अवसर र अधिकारको संवैधानिक प्रत्याभूति गरिनु पर्दछ ।

**सार्थक जनगणना :** नेपालमा मधेसीहरूको यथार्थ संख्यालाई न्यून देखाउनका लागि आज सम्मका जनगणनाहरूमा मधेसी समुदायको जातीय, भाषिक तथा अन्य वास्तविक अवस्थाहरूको सहि चित्रण गरिएको छैन । मधेसको यथार्थ विवरण आउन नसक्ने खालका विवरणीका तथा फारमहरू बनाएर मधेसक्षेत्रमा सरकारले जनसंख्या चालवाजी (Population manupulation) गर्दै आएको छ । तसर्थ हामी मुलुकमा जनसंख्याको यथार्थ तस्वीर आउन सक्ने जनगणनाको पक्षमा छौं ।

**अल्पसंख्यकहरूको अधिकार :** राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरुप राष्ट्रिय तथा जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक समुदायहरूको अधिकारको संवैधानिक प्रत्याभूति गरिनु पर्दछ ।

**वाल अधिकार सम्बन्धमा :** वाल वालिकाहरूको स्वास्थ्य र आधारभूत शिक्षाको अधिकारको प्रत्याभूति गराउन राज्यले नै पूर्ण दायित्व लिनु पर्दछ । उनिहरू माथि कायम रहेको आर्थिक शोषण, वालश्रम शोषण, वाल वेश्यावृति आदिको अन्त्य गरी उनीहरूको जीवनको अधिकारका साथै शारिरीक, मानसिक विकास, सामाजिक र सांस्कृतिक विकासमा सँगै शस्त्रद्वन्दको पीडाबाट मुक्त गराईनु पर्दछ ।

**संविधानमा जनमत संग्रहको व्यवस्था :** अति महत्वपूर्ण राष्ट्रिय महत्वका विषयहरूमा निर्णय लिन संविधानमा जनमत संग्रह गर्नु पर्ने व्यवस्था हुनु पर्दछ । जनमत संग्रहद्वारा नै राष्ट्रिय महत्वका विषयहरू निर्णय गरिनु पर्दछ ।

**भाषिक अधिकार :** सरकारी काम काज र शिक्षामा त्रि-भाषीय नीति अर्न्तगत (क) मातृभाषा (ख) नेपाली र हिन्दी (ग) अंग्रेजी भाषालाई राष्ट्र भाषाको रूपमा संबैधानिक व्यवस्था गरिनु पर्दछ । प्रत्येक स्वायत्त प्रदेशहरूले आ-आफ्नो क्षेत्रीय भाषाहरूलाई पनि सरकारी कामकाज र शिक्षाको माध्यमको रूपमा प्रयोग गर्न र मान्यता दिन सक्ने छ ।

**श्रमिक/मजदूर अधिकार :** नेपाली श्रमजीवी जनताको आधारभूत श्रमअधिकार, मर्यादित रोजगार, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति राज्यले गराउने संवैधानिक व्यवस्था हुनु पर्दछ ।

**जैविक विविधता तथा चूरेको संरक्षण :** वातावरणीय प्रदुषणका कारणले गर्दा पृथ्वीमा जीवन र प्रकृति बीच कायम रहेको सन्तुलन नै विग्रने खतरा बढेको छ । तसर्थ राज्यले जल, जंगल र जमीनको विनाशलाई रोक्न प्रयत्न गरी पानी, वायु, भूमि, ध्वनी तथा अन्तरिक्षलाई प्रदुषणबाट मुक्त गर्ने प्रयासका साथै जैविक विविधताको र प्राकृतिक वातावरणको संरक्षण गर्नु पर्दछ । मधेसको जमीनको उर्वरताको रक्षा, बाढी नियन्त्रण र भूस्खलन नियन्त्रण गर्न चुरे र महाभारत क्षेत्रमा वनजंगल, जल र जमीनको संरक्षण एवं त्यसको व्यवस्थापन गर्ने दायित्व राज्यले लिनु पर्दछ । चुरे र महाभारत क्षेत्र लगायत मधेसमा वन विनाश रोकी तुरुन्त आवश्यक मात्रामा वृक्षारोपण गरी जंगल निर्माण गर्नु पर्दछ ।

**समावेशी र सहभागितापूर्ण सुरक्षा निकाय :** विद्यमान राज्यको बनौट एकांकी र चरित्र विभेदकारी रहेकोले-यो देश हाम्रो हो, तर राज्य हाम्रो होइन भन्ने भावना मधेसी समुदाय, आदिवासी, जनजाति, दलित र महिलामा प्रवल रहेको छ । राज्यसंरचनामा सेनाको स्थान कस्तो रहनुपर्छ भन्ने प्रश्न अहिले व्यापक रूपमा उठिरहेको छ । नेपालको भूराजनीतिक अवस्थाको सन्दर्भमा व्यावसायिक सेनाको कति औचित्य छ ? आवश्यक ठानिएकै सन्दर्भमा पनि सेनाको आकार के हुने ? विद्यमान सैनिक संरचना तथा यसको विद्यमान आकार मुलुकको आन्तरिक सुरक्षा प्रबन्धका निम्ति कति औचित्यपूर्ण छ ? लोकतन्त्रमा राष्ट्रिय सुरक्षाको जगेर्ना गर्ने विषयसंग सेनालाई जोड्नु कत्तिको उपयुक्त हुन्छ ? सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापनको पद्धतिलाई कसरी उत्तरदायी बनाउने ? यी बिषयहरू गंभीर छन् । यस्ता बिषयहरूका उपर ध्यान दिदैं-सर्व प्रथम यौटा निश्चित समयसीमा भित्र पूरा हुनेगरी मुलुकको सामाजिक बनौटको प्रकृति र प्रवृतिमा आधारित रहेर दुबै प्रहरी संगठनहरू र नेपाली सेनाको आमूल रूपान्तरण गरिनु पर्दछ । सहभागिताका दृष्टिले सेनाको स्वरूप राष्ट्रिय हुनैपर्छ । यसको आकार सानो हुनु पर्दछ र यसको परिचालनमा निर्वाचित संसद् र त्यसप्रति उत्तरदायी कार्यकापालिकाको नियन्त्रण अनिवार्य हुनुपर्दछ ।

हालैको मधेस आन्दोलनका क्रममा नेपाल सरकारसंग भएको सम्झौतामा अब नेपाली सेनामा मधेसी समुदायबाट सामुहिक प्रवेश गराईनु पर्ने सरकारी प्रतिवद्धता आएको छ । यो प्रसङ्ग केवल हलुका राजनीतिक मुद्दा मात्र नभएर यसलाई राज्यसत्तामा सबैको पहुँच पुर्याउने प्रयत्नको आवाजका रूपमा पनि लिनुपर्छ । हिजो विविध पूर्वाग्रह पूर्वक मधेसीमूलका नागरिकलाई सेनामा सहज प्रवेशका निम्ति प्रोत्साहित नगरिएको अवस्थालाई अब अन्त्य गर्नै पर्ने हुन्छ । नेपाली सेनामा मधेसी समुदायको प्रवेशलाई बिना भेदभाव खुला र सहज पारिनु राष्ट्रिय एकताको दृष्टिले समेत अनिवार्य बन्न गएको छ ।

**मधेसको शसस्त्र विद्रोही पक्षसंग सार्थक शांतिवार्ता :** मधेसमा अहिले पनि शसस्त्र द्वन्द जारी छ । मधेसी शसस्त्र विद्रोहीहरूका जायज मांगहरूलाई सम्बोधन गरी द्वन्द समाधानको बाटो पहिल्याउन हामीले सरकारलाई बारम्वार दवाव दिदै आएका छौं । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेपाल सरकारका बीच भएको आठ बुँदे सम्झौतामा पनि यस समस्याको समाधानका लागि ससम्मान वार्ता गर्ने सहमति भएको हो । तर सरकारको पक्षबाट यस दिशाामा कुनै पहल नहुनु दुखःद कुरा हो । मधेसमा द्वन्द कायमै राखेर मुलुकमा शांति हुन सक्दैन । तसर्थ मधेसका शसस्त्र बिद्रोही पक्षहरूसंग वार्तालाई फलदायी बनाउन विस्तृत शांति सम्झौताको प्रारूप सहित, उनीहरू उपरका सबै मुद्दा खारेज गरेर, सबै बन्दीहरूलाई रिहा गरेर, रेड कर्नर नोटिस फिर्ता लिएर, शसस्त्र बिद्रोही सेनाको व्यवस्थापनको जिम्मा लिएर वार्ताको पूर्वाधार बनाई तत्काल वार्ता थालिइनु पर्दछ ।

मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) राज्यसत्ताद्वारा गरिएको विभेद, भेदभाव, सीमान्तकृत (Marginalised) र बहिष्कृत (Excluded and Under Privileged) सबै समुदायहरू भएको व्यापक राजनीतिक संगठन निर्माण गर्न तथा तिनीहरूसंग सहकार्य गर्न सधै अग्रसर र प्रयत्नशील रहने छ । यस्तो व्यापक संगठनले सदीयौंदेखि शक्ति र सुविधासम्पन्न (Most Privileged) रहदै आएको जाति, वर्ग र समुदाय विशेषको प्रभुत्व र एकाधिकारलाई समाप्त गरी स्वतन्त्रता, समानता, बन्धुत्व, र सामाजिक न्यायको अवस्थालाई कायम गर्नेछ, जसबाट नेपालमा दीर्घकालदेखि रहदै आएको विद्रोह र विग्रहको स्थिति समाप्त भै राष्ट्रियता, राष्ट्रिय अखण्डता एवं एकताका भावना प्रगाढ भै शान्त, प्रगतिशील, समृद्ध, सम्पन्न राष्ट्रको निर्माण भै सामाजिक तथा राजनीतिक स्थायित्वको स्थिति समेत प्रगाढतर हुँदै जानेछ । समुन्नत र प्रगतिशील नेपालको निर्माण सँगै जीवनलाई दीर्घकालिन शान्ति तथा प्रसन्नता प्रदान गर्ने यो मात्र नै उत्तम विकल्प हो ।

बि.सं. २०६३ चैत्रको जनआन्दोलन-२ बाट मधेसी समुदायले पनि शताब्दीऔं देखिको विभेदबाट मुक्ति चाहेका थिए । तर त्यस आन्दोलनको परिणाम स्वरुप भएको संसदको पुनर्स्थापना पश्चातका राजनीतिक घटनाक्रमले मधेसी समुदायको राजनीतिक अपेक्षा एवं आत्मसम्मानको प्रश्नलाई विचार गरेन । यसै क्रमको नेपालको अन्तरिम संविधान-२०६३ ले मधेसीको सवाललाई पूर्णतया उपेक्षा गऱ्यो । फलतः वि.सं. २०६३ माधमा सम्पुर्ण मधेसी समुदायहरू ऐतिहासिक मधेसी जन विद्रोहमा सरिक भएर मुलुकमा आमूल परिवर्तनको प्रत्याभूतिका लागि, भावी राज्यव्यवस्था संघीय प्रणालीमा आधारित हुने ग्यारेन्टीका लागि र संविधान सभामा मधेसी समुदायको न्यायपूर्ण प्रतिनिधित्वको लागि ठूलो वलिदान गर्नु पऱ्यो । दुई पटकको यस महान आन्दोलनमा ५३ जना वीर मधेसी सपूतहरू शहीद हुनु भयो ।

अब त्यस महान विद्रोहका उपलब्धिहरूलाई संस्थागत गर्न मधेसी राजनीतिक क्षमताको विकास एक राजनीतिक दलको रूपमा गर्दै, ऐतिहासिक मधेस आन्दोलनका मार्फत अभिव्यक्त मधेसीजन चाहना अनुसार स्वायत्त मधेस प्रदेशको निर्माण तथा मधेसको मुक्तिका लागि राजनीतिक दलको रूपमा स्थापित भएको मधेसी जनअधिकार फोरम, नेपालका अध्यक्ष उपेन्द्र यादवले ईमान्दारीपूर्वक राजनीतिक मुद्दाहरू तथा मधेसी जनतासंग गरिएको प्रतिवद्धतालाई पालन गर्न सकेनन् । फोरम, नेपालको अध्यक्षले पार्टीको उद्देश्य तथा लक्ष्यको प्राप्तिका लागि इमान्दारीका साथ काम गर्न सक्नु भएन । पार्टीको व्यापक जनाधार क्षेत्रका आम जनताको भावनाका विपरित निरन्तर सत्ता स्वार्थमा लिप्त रहेको देखियो । पटक पटक उनको नेतृत्वको कमजोरीबाट पार्टी र संसदीय दलमा विभाजन आएपनि पार्टीको एकताको पक्षमा काम गर्न असफल एवं असक्षम रहनु भयो । पार्टी तथा संसदीय दलको भावनाका विरुद्ध अवाञ्छित गठबन्धनहरू बनाउनु भयो । सरकारको संवेदनशील मंत्रालयको जिम्मेवारीमा रहेर मुलुकको हित विपरित असंतुलित काम कारवाही गर्नु भयो । पार्टीको विधान, संसदीय दलको विधान, पार्टी भित्र आन्तरिक प्रजातन्त्रको अभाव, लोकतान्त्रीक मूल्य मान्यता विपरितका कार्य तथा आम मधेशीहरूको हकहित सुनिश्चित गर्नेतर्फ भन्दा व्यक्तिगत स्वार्थको लागि पार्टीलाई दुरुपयोग गरी व्यक्तिगत लाभ उठाई नेपाल, नेपाली जनता तथा मधेशी जनताको भावना प्रति कुठाराघात गर्ने कार्य गर्नुका साथै पार्टी हितको संरक्षण तथा सम्वर्धन गर्ने कार्यमा उदासिन रहेकोले निजको नेतृत्व स्वीकार गरी एउटै पार्टीमा रही राजनीतिक दल संचालन गर्न नसकिने ठहर गरी छुट्टै राजनीतिक

दल-मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) गठन गरिएको हो । देशको वर्तमान अन्तरिम संविधान-२०६३ ले इंगित गर्न खोजेको भावी नेपालको संघीयतामा मुलुकका बिभिन्न भाषा, जाति, सँस्कृति र भौगोलिक एकरुपताको आधारमा स्वशासित क्षेत्रहरू छुट्याई ति क्षेत्र वा स्वायतत्ता प्राप्त प्रान्त वा प्रदेश, राज्य अथवा गणराज्यहरूका जनताहरूलाई पूर्ण क्षेत्रीय अथवा जातीय स्वायत्त शासन प्रदान गर्ने संघात्मक प्रणालीमा लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापना गरिनु पर्दछ भन्ने हाम्रो मान्यता हो । यस उद्देश्यका लागि नेपालका एक मुख्य तथा अविभाज्य भागको रुपमा रहेको मधेसका जनताहरूको सामाजिक-आर्थिक तथा राजनीतिक आकाँक्षालाई समग्र देशको जनताको एकतासंग समन्वित गर्दै दरो र वास्तविक राष्ट्रिय एकताको निर्माण गर्ने उद्देश्यले बि.सं. २०६८ सालमा मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) गठन गरिएको हो ।
***